# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

## स्वास्थ्य प्रयोगशाला सञ्चालन कार्यविधि २०८१

कार्यपालिकाबाट स्वीकृत मिति २०८१ चैत्र १३

लो-घेकर दामोदरकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय
घराङ, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

# लो-घेकर दामोदरकुण्ड स्वास्थ्य प्रयोगशाला सन्चालन कार्यविधि २०८१

प्रस्तावना : स्थानिय सरकार संचालन ऐन २०७४ दफा ११, उपदफा (झ) बमोजिम यस लो-घेकर दामोदरकुण्ड गाँउपालिकामा सामान्य स्वास्थ्य ल्याव सेवा लिन गाउँपालिका बासिन्दाहरुलाई अन्य स्थानमा गई सेवा लिन जांदा आउदा ल्याबसेवा भन्दा बढी रकम यातायात खर्च व्यहोर्नु पर्ने बाध्यात्मक अवस्थाको अन्त्य साथै गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले यस पालिकामा संचालनमा रहेका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य प्रयोगशाला सेवा संचालन गर्न उपयुक्त हुने देखीएकोल लो-घेकर दामोदरकुण्ड स्वास्थ्य प्रयोगशाला सेवा संचालन कार्यविधी २०८१ बनाई लागु गरीएको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यबिधिको नाम "लो-घेकर दामोदरकुण्ड स्वास्थ्य प्रयोगशाला सेवा सन्चालन कार्यविधिः २०८१" रहेको छ ।

प्रारम्भः यो कार्यविधि कार्यपालिकाबाट निर्णय भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "व्यवस्थापन समिति" भन्नाले विधिवत गठन भएको स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ख) "सुरक्षित मातृत्व सेवा" भन्नाले गर्भवती, प्रसुती र सुत्केरी सेवा सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिका सम्झनु पर्छ ।

(घ) "बालबालिका" भन्नाले ५ (पाँच) बर्ष नपुगेका सबै बालबालिका सम्झनु पर्छ ।

(ङ) "जेष्ठ नागरिक" भन्नाले ७० बर्ष पुरा गरेका सबै नेपाली नागरिक सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले लो घेकर दामोदरकुण्ड गाउँकार्यपालिका सम्झनु पर्छ ।

(छ) "महिला स्वास्थ्य स्वयं. सेविका भन्नाले स्वास्थ्य सेवामा कार्यरत स्वयं.सेविकाकाहरु सम्झनु पर्छ ।

(ज) "पूर्ण अशक्त तथा अति अशक्त अपांग" भन्नाले नेपाल सरकारले वर्गिकरण गरेका (क) वर्ग तथा (ख) वर्ग भएका अपांगहरु सम्झनु पर्छ ।

## परिच्छेद २

## लो-घेकर दामोदरकुण्ड स्वास्थ्य प्रयोगशाला ब्यवस्थापन

**३.रकम ब्यवस्थापन :** गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम यस कार्यमा हुन सक्ने बार्षिक खर्च रकम अनुमान गरी नियमानुसार आवस्यक रकमको ब्यवस्थापन गर्ने छ ।

**४ स्वास्थ्य प्रयोगशाला सञ्चालन प्रकृया :** लो-घेकर दामोदरकुण्ड गाउँपालिकाले यस गाउँपालिकामा देहाय बमोजिम स्वास्थ्य प्रयोगशाला सञ्चालन गर्नेछ:

(क) यस गाउँपालिकामा सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्थाहरुमा गाउँपालिकाले गाउँपालिकाको आवश्यकता र क्षमताको आधारमा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्नेछ ।

(ख) गाउँपालिकाले संघिय तथा प्रदेश सरकार सँग समन्वय गरी आंशिक वा पुर्ण सहयोगमा पनि स्वास्थ्य संस्थामा स्वास्थ्य प्रयोगशाला सेवा सञ्चालन गर्नेछ ।

(ग) गाउँपालिकामा गाउँपालिका, संघ वा प्रदेश सरकारबाट सञ्चालित स्वास्थ्य प्रयोगशाला सञ्चालनका लागि आवस्यक पर्ने प्राविधिक (ल्याव असिस्टेन्ट/टेक्नीसियन) ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु गाउँपालिकाबाट उपलब्ध गराउने गरी व्यवस्थापन गर्नेछ ।

(घ आपुर्ति प्रकृया बमोजिम केहि ल्याव उपकरण, सामाग्री तथा रिएजेन्ट र केमिकलहरु सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले आफै पनि व्यवस्थापन गर्न सक्नेछन् ।

## परिच्छेद ३

## सेवा शुल्क सम्बन्धी व्यवस्था :

**५.सेवा शुल्क :** यस गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य प्रयोगशाला सेवाको सेवा शुल्क देहाय बमोजिम हुनेछ।

| S.N | Name of testes | Rates | S.N | Name of testes | Rates |
|---|---|---|---|---|---|
| 1 | CBC | 500 | 23 | HCV | 290 |
| 2 | Hb | 45 | 24 | Widal teste | 175 |
| 3 | WBC | 50 | 25 | H pyolori teste | 600 |
| 4 | ESR | 60 | 26 | Urine R/E | 60 |
| 5 | TC/DC | 95 | 27 | Stool R/E | 60 |
| 6 | Platelets | 115 | 28 | Stool occult blood teste | 100 |
| 7 | Bleeding Time | 60 | 29 | VDRL | 175 |
| 8 | Clotting Time | 60 | 30 | Sugar Fasting (F) | 60 |
| 9 | HIV | 290 | 31 | Sugar PP (P) | 60 |
| 10 | HBsAg | 290 | 32 | Sugar Randam (R) | 60 |
| 11 | ASO | 290 | 33 | Urea | 115 |
| 12 | CRP | 230 | 34 | Creatinine | 140 |
| 13 | RA Factor | 175 | 35 | Uric Acid | 115 |

| | | | | | |
|---|---|---|---|---|---|
| 14 | HCG | 115 | 36 | Bilurubin | 280 |
| 15 | Blood Group & RH Typing | 85 | 37 | Total cholesterol | 200 |
| 16 | Mantoux Test | Free | 38 | Sputum test | Free |
| 17 | Malaria Parasite | Free | 39 | Triglyceride | 200 |
| 18 | Calcium | 400 | 40 | ANC Package | 920 |
| 19 | Serum Albumin | 175 | 41 | Urine Albumin | 80 |
| 20 | LFT | 865 | 42 | Lipid Profile | 690 |
| 21 | $Na^+$ | 200 | 44 | $K^+$ | 200 |
| 22 | Serum Amylase | 345 | 44 | Scrub Typhus | 500 |

उल्लेखित शुल्क समय अनुकुल स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समिति सम्बन्धित स्वास्थ्य शाखाको समभ्रुदारीमा फेरवदल गर्न सकिनेछ।

(क) पूर्ण अशक्त (वर्ग क) तथा अति विपन्न परिवारका सदस्यका लागि गरिने परिक्षण निःशुल्क हुनेछ ।

(ख) जनस्वास्थ्य कार्यक्रमगत परिक्षण जस्तै क्षयरोग, कुष्ठरोग, औलो, डेंगु आदि परिक्षण निःशुल्क हुनेछ।

(ग) गाउँ कार्यपालिका वा व्यवस्थापन समितिले उपयूक्त ठानेका अन्य परिक्षणहरु पनि निःशुल्क गर्न सक्नेछ। माथि क, ख, मा उल्लेखित सेवा परिक्षण बाहेकका परिक्षणहरुको सेवा शुल्क निर्धारण सम्बन्धित स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले गाउँपालिकाको समन्वयमा गर्नेछ । ल्यावसेवा शुल्कबाट भएको सम्पुर्ण आम्दानी यस गाउँपालिकाको राजस्व खातामा जम्मा गरी आर्थिक नियमानुसार सम्बन्धित पालिकाको स्वास्थ्य शाखाले नै ल्याव सामग्री आपुर्ति, रिपोर्ट छपाई, तथा ल्याव सम्बन्धि कामलाई प्राथमिकता दिई खर्च गर्न सकिनछे।

**प्रमाणीकरण र जारीः**

प्रमाणीकरण गर्नेको सहिः

नाम, थरः सरोज उपाध्याय

पद/दर्जाः प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१/१२/१२